सुखीपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखीपुर, सिरहा मधेश प्रदेश, नेपाल

**२. आवश्यक कागजातहरू**

सूची दर्ता गर्न इच्छुक आपूर्तिकर्ता/फर्म/कम्पनीहरूले देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछः

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी लेखा नम्बर (PAN)/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३. आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण।

४. व्यवसाय दर्ता/इजाजतपत्र (आवश्यक भएमा) को प्रतिलिपि।

५. आपूर्तिकर्ताको आधिकारिक सम्पर्क विवरण।

६. सम्बन्धित सामग्री आपूर्ति गर्न पाउने अधिकार/डिलरशिप प्रमाणपत्र (लागू हुने सामग्रीको हकमा)।

७. फर्म/कम्पनीको प्रोफाइल।

८. सामग्रीको विवरण/क्याटलग तथा उपलब्ध भएमा दररेट।

९. सम्बन्धित निकायले माग गरेका अन्य आवश्यक कागजातहरू।

**३. सूची दर्ता सम्बन्धी शर्तहरू**

१. सूची दर्ता हुँदैमा सम्बन्धित फर्म/आपूर्तिकर्तालाई खरिद कार्यको ठेक्का वा आपूर्ति आदेश प्राप्त हुने सुनिश्चितता हुने छैन।

२. नगरपालिकाले आवश्यकता, बजेट, खरिद विधि तथा प्रचलित सार्वजनिक खरिद कानून बमोजिम सम्बन्धित सामग्री खरिद गर्नेछ।

३. पेश गरिएका कागजात तथा विवरण झुट्टा वा गलत प्रमाणित भएमा सूची दर्ता रद्द गर्न सकिनेछ।

४. सामग्रीको गुणस्तर, स्पेसिफिकेशन, वारेन्टी/ग्यारेन्टी तथा बजार मूल्यलाई आवश्यकतानुसार आधार मानिनेछ।

५. स्वास्थ्यसम्बन्धी सामग्री तथा उपकरणको हकमा सम्बन्धित निकायबाट प्राप्त स्वीकृति/दर्ता/इजाजतपत्र आवश्यक पर्ने भएमा सो समेत पेश गर्नुपर्नेछ।

६. एउटै फर्मले आफूले आपूर्ति गर्न सक्ने एक वा एकभन्दा बढी सामग्री समूहमा सूची दर्ता गर्न सक्नेछ।

७. सूची दर्ताका लागि पेश गरिएका कागजातहरू फिर्ता गरिने छैनन्।

**४. सूची दर्ता गर्ने स्थान र अन्तिम मिति**

इच्छुक आपूर्तिकर्ता/फर्म/कम्पनीहरूले माथि उल्लिखित कागजातहरू सहित **सुखीपुर नगरपालिकाको कार्यालय, जिन्सी/खरिद शाखा, सुखीपुर, सिरहा** मा सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र** सूची दर्ता गराइसक्नुपर्नेछ।

म्याद नाघी प्राप्त भएका निवेदनहरू स्वीकार गरिने छैनन्।

थप जानकारीका लागि सुखीपुर नगरपालिकाको **खरिद शाखा/जिन्सी शाखा** मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

**जयचन्द्र साह**
**प्रमुख प्रशासकीय अधिकृत**
सुखीपुर नगरपालिका, सिरहा

जयचन्द्र साह
प्रमुख प्रशासकीय अधिकृत

# सुखीपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सुखीपुर, सिरहा, मधेश प्रदेश, नेपाल

## सूचना प्रकाशन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०३ गते**

**विषयः आपूर्तिकर्ता/फर्म सूची दर्ता गर्ने सम्बन्धी सूचना।**

यस सुखीपुर नगरपालिकाको आ.व. **२०८३/०८४** को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार नगरपालिकाका विभिन्न शाखा, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा अन्तर्गतका अन्य कार्यालयहरूमा आवश्यक पर्ने **खर्च भएर जाने तथा खर्च भएर नजाने विभिन्न सरसामान, कार्यालय सामग्री, मसलन्द, स्वास्थ्य सामग्री तथा अन्य आवश्यक मालसामानहरू** प्रचलित सार्वजनिक खरिद कानून बमोजिम खरिद गर्नुपर्ने भएको हुँदा त्यस्ता सामग्रीहरू आपूर्ति गर्न इच्छुक इजाजतप्राप्त आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट देहायबमोजिमका सामग्रीहरूको **आपूर्तिकर्ता सूची दर्ता** गर्न यो सूचना प्रकाशित गरिएको छ।

**१. सूची दर्ता गर्न सकिने सामग्रीहरू**

**क) खर्च भएर जाने सामग्रीहरू**

- कार्यालय मसलन्द तथा स्टेशनरी सामग्री
- कागज, फाइल, रजिस्टर, डायरी, कलम, पेन्सिल आदि
- प्रिन्टिङ तथा फोटोकपी सामग्री
- सरसफाइ तथा स्वच्छता सामग्री
- खानेपानी तथा कार्यालय प्रयोजनका उपभोग्य सामग्री
- स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाका लागि आवश्यक उपभोग्य सामग्री
- सर्जिकल तथा ड्रेसिङ सामग्री
- ल्याब तथा स्वास्थ्यसम्बन्धी उपभोग्य सामग्री
- विद्युत तथा विद्युतीय उपभोग्य सामग्री
- कम्प्युटर तथा प्रिन्टरका उपभोग्य सामग्री
- अन्य कार्यालय तथा कार्यक्रम सञ्चालनमा आवश्यक पर्ने उपभोग्य सामग्रीहरू।

**ख) खर्च भएर नजाने सामग्रीहरू**

- कार्यालय फर्निचर तथा फिक्स्चर
- टेबल, कुर्सी, दराज, सोफा, र्‍याक आदि
- कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा अन्य सूचना प्रविधि सामग्री
- विद्युतीय तथा इलेक्ट्रोनिक उपकरणहरू
- स्वास्थ्य संस्थाका लागि आवश्यक उपकरण तथा औजारहरू
- सर्जिकल उपकरण तथा स्वास्थ्यसम्बन्धी सामग्रीहरू
- कार्यालय तथा स्वास्थ्य संस्थामा प्रयोग हुने विभिन्न मेसिनरी तथा उपकरणहरू
- मेसनरी औजार तथा सवारी साधन मर्मत संभार ।
- अन्य आवश्यक जिन्सी/स्थायी प्रकृतिका सामग्रीहरू।